आज मिति २०७६/०५/०२ गते सोमवारका दिन इच्छाकामना गाउँकार्यपलिकाको नियमित मासिक बैठक इच्छाकामना गाउँपालिकाको अध्यक्ष श्री गिता कुमारी गुरुङ ज्यूको अध्यक्षतामा बसी तपशिल अनुसारको प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

उपस्थित:

१. अध्यक्ष श्री गिता कुमारी गुरुङ
२. उपाध्यक्ष श्री कृति कुमार श्रेष्ठ
३. सदस्य श्री गोबर्धन अधिकारी
४. सदस्य श्री नन्द लाल गिरी
५. सदस्य श्री पञ्च बहादुर चेपाङ
६. सदस्य श्री भुपेन्द्र चेपाङ
७. सदस्य श्री मोदराज सिलवाल
८. सदस्य श्री बम बहादुर थापा मगर
९. सदस्य श्री होम बहादुर राना मगर
१०.सदस्य श्री सावित्री गुरुङ
११.सदस्य श्री निर्मला श्रेष्ठ
१२.सदस्य श्री दमन कुमारी चेपाङ
१३. सदस्य श्री मन कुमारी सुनार
१४.सदस्य श्री भद्र बहादुर चेपाङ
१५.सदस्य श्री मान बहादुर चेपाङ
१६.सदस्य सचिव श्री नरहरि सापकोटा

प्रस्तावहरु

१) लेखा समिति सम्बन्धमा ।
२) खरिद समिति सम्बन्धमा ।
३) शाखा कर्मचारीहरु लाइ विभागिय जिम्मेवारी दिने सम्बन्धमा ।
४) लामो झरनाको टिकट काट्ने कर्मचारीको सम्बन्धमा ।
५) इच्छाकामना गाउँपालिका भित्र रहेका संघ संस्था नविकरण दर्ता सम्बन्धमा ।
६) तिज कार्यक्रम सम्बन्धमा ।
७) कार्यपालिका बैठक सम्बन्धमा ।
८) पूर्ननिर्माणको कार्य सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ लेखा समिति गठन सम्बन्धमा छलफल गर्दा यस इच्छाकामना गाउँपालिकाको आर्थिक र प्रशासनिक कार्यलाइ चुस्त दुरुस्त राख्नको लागी ५ सदस्यिय लेखा समिति गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ खरिद समिति गठन सम्बन्धमा छलफल गर्दा इच्छाकामना गाउँपालिका भित्रका कुनै पनि योजना प्रशासनिक तथा अन्य खरिद बिक्री सम्बन्धि कार्य गर्नको लागी शाखाहरुको सदस्यता रहने गरी चुस्त दुरुस्त खरिद समिति गठन गरि कार्यलयका कार्यहरु अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस कार्यलयको कार्य लाइ सेवाग्राही समक्ष सहज ढगं बाट सेवा प्रवाह दिन एक शाखा एक कर्मचारी नियम ऐन बनाइ जिम्मेवारी तोक्ने निर्णय गरियो साथै उक्त शाखा तोक्दा प्रमुख प्रशासकिय अधिकृतले अध्यक्ष संग परामर्श गरेर तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस इच्छाकामना गाउँपालिका भित्र रहेका पर्यटकिय स्थलहरुमा पर्यटन विकास लाइ प्रवर्धन गराउन अर्को व्यवस्था नभए सम्म लामो झर्नामा कार्यरत कर्मचारी लाई मासिक १४०००।- अक्षरुपी चौध हजार को दरले दिइ काममा खटाउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस इच्छाकामना गाउँपालिका भित्र रहेका सबै सामाजिक संघ संस्थाहरु लाई पुन अधिवेशन वा नविकरण गर्न गराउन र गाउँपालिकामा प्रतिवेदन पेश गर्नको लागि सबै संघ संस्थाहरु लाई परिपत्र गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.६ माथी छलफल गर्दा यस गाउँपालिकाले नेपाली नारीहरुको माहान् पर्व हरितालिका तिजको पावन अवसरमा हरितालिका तिज कार्यक्रम भव्य र सभ्य रुपमा मनाउने निर्णय गरियो ।

प्रस्ताव नं.७ माथी छलफल गर्दा गाउँ कार्यपालिकाको नियमित मासिक बैठक प्रत्येक महिनाको २ गते बिहानको ठिक ११ बजे देखि ११:१५ भित्रमा बैठक कक्षमा प्रवेश गरि बैठक संचालन गर्ने निर्णय गरियो साथै समयमा बैठकमा उपस्थित हुन नसकेको अवस्थामा बैठकमा समावेश गराइने छैन यदी कुनै कारण बस बाटोमा अवरोधले गर्दा उपस्थित हुन ढिला भएको भए सोको जानकारी समयमानै गराउने पनि निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस इच्छाकामना गाउँपालिका भित्र २०७२ सालको भुकम्पले क्षती पुराइ लाभग्राहीको सूचीमा परेका भुकम्प प्रभावितहरुको प्रथम,दोस्रो र तेस्रो किस्ता छिटो छरितो ढगं बाट उपलब्ध गराइ गाउँपालिकाको सवै वडामा पूर्ननिर्माणको काम छिटो सक्नको लागि सवै जनप्रतिनिधी र प्राविधिकहरु एक आपसमा सहकार्य र समन्वय गरि तिव्र गतिमा जिम्मेवारीका साथ काम गर्ने निर्णय गरियो ।